**अनुसूची १**

(दफा ३ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

हरिनगर गाउँपालिका

# हरिनगर गाउँपालिकाको स्थानीय राजपत्र

खण्डः १ संख्याः ५ मितिः २०७५/०९/२९

**भाग-१**

**हरिनगर गाउँपालिका**

## हरिनगर गाउँपालिकाको

## गाउँ शिक्षा ऐन, २०७५

गाउँसभाबाट पारित मितिः २०७५/०९/२६

प्रमाणिकरण मितिः २०७५/०९/२७

स्थानीय राजपत्रमा प्रकाशित मिति :२०७५/०९/२९

**हरिनगर गाउँपालिका,सुनसरी**

**प्रदेश न. १**

**हरनिगर गाउँपालिकाको गाउँ शिक्षा ऐन, २०७५**

**२०७५ सालको ऐन नं. ०५**

**प्रस्तावनाः**

नेपालको संविधानको अनुसूची-८ बमोजिम आधारभूत तथा माध्यमिक शिक्षा व्यवस्थापन लगायत शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्न बान्छनीय भएकाले नेपालको संविधानको धारा २२६ बमोजिम हरिनगर गाउँपालिकाको गाउँसभाले यो ऐन बनाई लागु गरेको छ।

परिच्छेद-१

प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः-**

(क) यस ऐनको नाम " गाउँ शिक्षा ऐन, २०७५" रहेको छ।

(ख) यो ऐन हरिनगर गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ।

(ग) यो ऐन हरिनगर गाउँपालिकाको राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ।

**२.परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) "प्रारम्भिक बालशिक्षा" भन्नाले चार वर्ष उमेर पुरा भएका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बाल शिक्षा सम्झनु पर्छ।

(ख) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ।

(ग) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ।

(घ) "गाउँपालिका" भन्नाले हरिनगर गाउँपालिका सम्झनुपर्छ।

(ङ) "गाउँसभा" भन्नाले हरिनगर गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ।

(च) "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ।

(छ) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनु पर्छः-

(१) दृष्टिविहिन, न्यून दृष्टियुक्त बहिरा, सुस्त श्रवण, अटिज्म बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिइने शिक्षा ।

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेद रहित वातावरणमा दिइने शिक्षा ।

(ज) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ ।

(झ) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तुको सिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौदेखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

(ञ) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउने प्रकृतिको नेपाल सरकार र गाउँपालिकाबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ट) **"संस्थागत विद्यालय"** भन्नाले निजी पहल र लगानीमा स्थापना गरिएका नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ठ) **"शिक्षक"** भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(ड) **"कर्मचारी"** भन्नाले सामुदायिक विद्यालयमा कार्यरत् शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(ढ) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेका नियम, कार्यविधि, निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ण) "अनुमति" भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरि नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(त) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार, गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(थ) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

(द) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्दछ ।

(ध) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रूपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

(न) "तालिम केन्द्र"भन्नाले यस ऐन वमोजिम अनुमति प्राप्त गरी विभिन्न सीपमूलक तालिम प्रदान गर्ने संस्थालाई जनाउँछ ।

(प) "पुस्तकालय" भन्नाले नेपाल सरकार/गाउँपालिकाबाट अनुमति लिई संचालन भएको विभिन्न पुस्तकहरू संग्रह गरी अध्ययन गर्न उपयुक्त हुने गरी निर्माण गरिएको संस्था जनाउँछ ।

(फ) "शैक्षिक परामर्श केन्द्र" भन्नाले शैक्षिक परामर्श प्रदान गर्ने उद्देश्यले नेपाल सरकारवाट वा यस गाउँपालिकाबाट अनुमति वा स्वीकृत प्राप्त संस्थालाई जनाउँछ ।

(ब) “संघिय शिक्षा ऐन” भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐन सम्भन्नु पर्दछ ।

(भ) “प्रादेशिक शिक्षा ऐन” भन्नाले प्रादेशिक संसदले बनाएको शिक्षा ऐन सम्भन्नु पर्दछ ।

(म) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गाउँपालिकाको प्रशासकीय प्रमुखको रूपमा काम गर्न तोकिएको अधिकारी सम्भन्नु पर्दछ ।

(य) “शिक्षा अधिकृत” भन्नाले गाउँ कार्यपालिकाको कार्यालयको शिक्षा शाखाको प्रमुख संभन्नु पर्दछ ।

(र) “समिति” भन्नाले गाउँ शिक्षा समितिलाई सम्भन्नु पर्दछ ।

(ल) “शिक्षा शाखा” भन्नाले गाउँ कार्यपालिकाको कार्यालयको शिक्षा शाखा संभन्नु पर्दछ ।

(व) “अभिभावक” भन्नाले विद्यालयमा अध्ययनरत् विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्भन्नु पर्छ र सो शव्दले ऐनको दफा १७ को उपदफा (१क) को प्रयोजनका लागि विद्यार्थीको बाबु, आमा र बाबु आमा नभएको अवस्थामा बाजे, बजै वा त्यस्ता अभिभावक नभएमा विद्यालयमा अध्ययनरत बालबालिकालाई संरक्षण गर्ने व्यक्तिहरू मध्येवाट विद्यालयको अभिलेखमा जनिएको व्यक्तिलाई जनाउँछ ।

परिच्छेद -२

## विद्यालय खोल्ने अनुमति वा स्विकृति, कक्षा थप घट,विद्यालय गाभ्ने र खारेज

३. **विद्यालय खोल्न अनुमति लिनुपर्नेः-**

(१) गाउँपालिका क्षेत्रभित्र नेपाली नागरिक वा नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस सहित तोकिएको अधिकारी समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर तोकिएको अधिकारीले आवश्यक जाँचबुभ्न गर्नेछ र जाँचबुभ्न गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी गाउँ शिक्षा समितिको सिफारिसमा तोकिएको अधिकारीले अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएका शर्त बन्देज पालन गरेको देखिएमा गाउँ शिक्षा समितिको सिफारिसमा तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रूपमा सञ्चालनमा रहेका विद्यालयहरूले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछन ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुभ्न गर्नेछ र जाँचबुभ्न गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न गाउँ शिक्षा समितिको सिफारिसमा अनुमति तथा स्वीकृति दिनेछ ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैनः-

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(७) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पााचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय-व्ययको लेखा तोकिए बमोजिमको ढाचा र प्रचलित लेखाका सिद्धान्तका आधारमा अभिलेख खडा गरी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको स्वीकृति लिनु पर्नेछ

(८) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति सम्वन्धि व्यवस्था उपदफा १ र २ बमोजिम नै हुनेछ ।

(९) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी गुरुकुल, गुम्वा, मदरसा समेतका विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(१०) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन् ।

(११) विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्थाः- :(१) गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा,दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

(१२) माथिका उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन । तर नेपाल सरकारसँग सम्झौता भएमा त्यस्ता विद्यालयहरूलाई गाउँपालिकाले अनुमतिका लगि मनासिव देखेमा अनुमति दिन सक्नेछ । यसरी सञ्चालित विद्यालयहरूलाई नेपाल सरकारले जुनसुकै बेला बन्द गर्न सक्नेछ । यस प्रकारको विद्यालयलाई पनि यस दफाको १ र २ अनिवार्य हुनेछ ।

(१३) प्राविधिक शिक्षा संचालन गर्न चाहने विद्यालयको अनुमति तथा स्वीकृती तथा संचालन सम्वन्धि व्यवस्था तोकिए वमोजिम हुनेछ ।

(१४) तर नेपाल कानुन बमोजिम स्थापना भई संचालनमा रहेका विद्यालयहरु यसै ऐन बमोजिम स्थापना भई संचालनमा रहेको मानिनेछ ।

**४. गाउँपालिकाले विद्यालय गाभ्न, सार्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने :**

(१) गाउँ कार्यपालिकाले गाउँ शिक्षा समितिको सिफारिशमा हाल सञ्चालनमा रहेका विद्यालयहरूलाई दुरी, विद्यार्थी सङ्ख्या, गुणस्तरीयता, सञ्चालन क्षमताको आधारमा गाभ्न, एक ठाउँबाट अर्को ठाउँमा सार्न वा आवश्यक नभएको पर्याप्त आधार भएमा बन्द गर्न वा आवश्यक क्षेत्रमा खोल्न वा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन वा नाम परिवर्तन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आधारमा विद्यालयहरू गाभ्ने निर्णय गर्दा कार्यपालिकाले त्यस्ता विद्यालयको लागि आवश्यक शिक्षक तथा कर्मचारीको दरबन्दी यकिन गरी बढी हुन आएको शिक्षक तथा कर्मचारीलाई अर्को विद्यालयमा दरबन्दी कायम गरी ब्यवस्थापन गर्नेछ ।

(३) उपदफा (१)बमोजिम गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्तिको व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

**५.विद्यालयको कक्षा थप गर्न सकिने :**

(१) कुनै विद्यालयले कक्षा थप गर्न चाहेमा शैक्षिकसत्र सुरु हुनुभन्दा कम्तीमा तीन महिना अगावै

शिक्षा शाखामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा शिक्षा शाखाले स्थलगत जााचबुझ गर्दा पूर्वाधार पूरा गरेको देखिएमा निर्णयको निमित्त शिक्षा समितिमा पेश गरी समितिको निर्णय अनुसार शिक्षा शाखाले शैक्षिकसत्र सुरु हुनु अगावै कक्षा थप गर्न अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कक्षा एघार र बाह्रको कक्षा थप र विषय थप गर्ने अनुमति सङ्घीय शिक्षा मन्त्रालयबाट स्वीकृत मापदण्डका आधारमा हुनेछ ।

६. **अनुमति वा स्वीकृति रद्ध गर्न सक्ने :** कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कार्य गरेको प्रमाणित भएमा गाउँ कार्यपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरेको अनुमति वा स्वीकृति रद्ध गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्ध गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेस गर्ने मौका दिइनेछ ।

७. **शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालन गर्ने :**

(१) कसैले पनि यस ऐन बमोजिम गाउँपालिकाबाट अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिजकोर्ष, कोचिङ्ग, ट्युसन सेन्टर, भाषा शिक्षण कक्षा, होस्टल वा पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिजकोर्ष, कोचिङ्ग, ट्युसन सेन्टर, भाषा शिक्षण कक्षा, होस्टल वा पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्वन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

८. **सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने :** गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर शिक्षा सिकाईसमेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

९. **प्रारम्भिक बालविकास केन्द्र सम्वन्धी व्यवस्था:** प्रारम्भिक बालविकास केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद- ३

## कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार

१०.**गाउँ कार्यपालिकाको काम, कर्तव्य र अधिकार :**

(१) यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कार्यपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्न शिक्षा समिति, प्रमुख प्रशासकीय अधिकृत तथा शिक्षा अधिकृतलाई आवश्यक निर्देशन दिने,

(ख) शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यकता अनुसार समिति, उपसमिति वा कार्यटोली गठन गर्ने,

(ग) शिक्षक सरुवाको मापदण्ड बनाई शिक्षक विद्यार्थी अनुपात मिलाउने,गुणस्तर कायम गर्ने, आचार संहिता बनाई लागू गर्न शिक्षा समितिलाई निर्देशन दिने,

(घ) शिक्षक तथा कर्मचारीहरूको प्रशासन, व्यवस्थापन तथा शैक्षिक विकास सम्बन्धी कार्य योजना स्वीकृत गर्ने र कार्यान्वयन गर्न निर्देशन दिने ,

(ङ) प्रदेश तथा सङ्घको कानून वमोजिम हुने शिक्षा सम्वन्धी विषयहरूको कार्यान्वयन गर्न शिक्षा समितिलाई निर्देशन दिने,

(च) प्रत्येक छ महिनामा गाउँपालिकाभित्रका सबै किसिमका विद्यालयहरूको अनुगमन तथा मूल्याङ्कन गरी गराई अपेक्षित गुणस्तर कायम गर्ने,

(छ) विद्यालयमा आर्थिक क्रियाकलापहरुको पारदर्शीता सुनिश्चित गर्न वस्तुगत आधार र मापदण्ड बनाई लागू गर्ने गराउने,

(ज) यस ऐनको परिधिभित्र रही आवश्यक क्षेत्रहरूको मापदण्ड वनाउने,

(झ) शिक्षालाई व्यवहारिक, उद्यमशील र रोजगार उन्मुख बनाउने नीति निर्माण गर्ने ,

(२) उपदफा (१) मा जेसुकै लेखिए तापनि संस्थागत विद्यालयका हकमा त्यस्ता विद्यालयले पालना गर्नु पर्ने मापदण्ड, गुणस्तर, शुल्क प्रावधान, विपन्न तथा सीमान्तकृत वर्गका छात्र छात्रालाई दिने छात्रबृत्तिका आधार र प्रतिशत, शिक्षक तथा कर्मचारीको सेवा, शर्त एवं पारिश्रमिक जस्ता विषयमा निर्णय गर्दा संस्थागत विद्यालयका संगठनको समेत राय परामर्श लिई निर्णय गर्नुपर्नेछ ।

**११. प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार :**

(१) यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) शिक्षालाई मौलिक हकको रूपमा स्थापित गर्न गाउँपालिकाको समग्र शैक्षिक नीति, योजना, कार्यक्रमको कार्यान्वयन एवं अनुगमन गर्ने गराउने,

(ख) गाउँपालिकाको कार्यसम्पादन नियमावलीमा प्रमुख प्रशासकीय अधिकृतले गर्ने भनी उल्लेख भएका शिक्षा सम्बन्धी कार्य गर्ने,

(ग) कार्यपालिकाले प्रत्यायोजन गरेका शिक्षा सम्बन्धी कार्य गर्ने ,

(घ) उत्कृष्ट शैक्षिक उपलब्धिका लागि शिक्षा अधिकृतसँग कार्यसम्पादन करार गर्ने र सो करार उपलब्धिपूर्ण रहे नरहेको निरन्तर अनुगमन गर्ने,

(ङ) शिक्षा शाखासँग समन्वय गरी विद्यालयहरूको आर्थिक कारोबारको लेखा परीक्षणको व्यवस्था मिलाउने,

(च) शिक्षा सम्बन्धी प्रस्तावहरु कार्यपालिकामा पेश गर्ने

**१२.शिक्षा अधिकृत सम्वन्धि व्यवस्था :**

(१) गाउँ कार्यपालिकाको कार्यालयमा शिक्षा सम्वन्धि कार्यको व्यवस्थापन र समन्वय गर्न एक शिक्षा अधिकृत रहने छन ।

**१३. शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार :**

(१) यस ऐनमा अन्यत्र लेखिएका काम,कर्तव्य र अधिकारका अतिरिक्त शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) कार्यपालिकाबाट स्वीकृत शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

(ख) शिक्षा सम्बन्धी कुनै प्रस्ताव कार्यपालिकामा पेश गर्नु पर्ने भए प्रमुख प्रशासकीय अधिकृत मार्फत् पेश गर्ने,

(ग) शिक्षा सम्बन्धी योजना वनाई शिक्षा समितिमा स्वीकृतिको लागि पेश गर्ने र स्वीकृत योजना कार्यान्वयन गर्ने,

(घ) शिक्षाको अवस्था, प्रगति आदि समेटिएको शिक्षा सम्वन्धी स्थितिपत्र तयार गरी प्रत्येक वर्षको असार मसान्तभित्र प्रकाशित गर्ने,

(ङ) स्वीकृत अनौपचारिक शिक्षा, विशेष आवश्यकता शिक्षा र शिक्षाको लागि खाद्य कार्यक्रम जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने गराउने तथा सो सम्बन्धी अभिलेख तयार गर्ने,

(च) विद्यार्थी सङ्ख्या घट्न गई फाजिलमा परेका सामुदायिक विद्यालयका शिक्षकलाई अर्को समुदायिक विद्यालयमा मिलान गर्नु पर्ने भए सोको प्रस्ताव शिक्षा समितिमा पेश गर्ने,

(छ) स्वीकृत कार्ययोजना अनुसार विद्यालय सञ्चालन भए नभएको सम्बन्धमा नियमित रूपले निरीक्षण र सुपरीवेक्षण गरी गर्न लगाई प्रतिवेदन तयार गरी समितिमा पेश गर्ने,

(ज) शिक्षाको गुणस्तर बढाउनको लागि शिक्षक, प्रधानाध्यापक तथा व्यवस्थापन समितिका पदाधिकारीहरूको आवश्यकतानुसार बैठक, तालिम वा गोष्ठी सञ्चालन गर्ने,

(झ) आधारभूत तहको अन्त्यमा लिइने परीक्षा सञ्चालन गर्न परीक्षा सञ्चालन समितिको सदस्य सचिव भई कार्य गर्ने,

(ञ) विद्यालयको कक्षा पाँच तथा आठको परीक्षाको अभिलेख, प्रश्नपत्र र उत्तर पुस्तिकाको नमूना झिकाई जाँच गर्ने, विद्यालयमा शिक्षाको गुणस्तर बृद्धि भए नभएको सम्बन्धमा मूल्याङ्कन गरी अभिलेख राख्ने तथा सो सम्बन्धमा सुधारका लागि आवश्यक काम गर्ने,

(ट) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने

## परिच्छेद- ४
## गाउँ शिक्षा समिति सम्वन्धी व्यवस्था

**१४. गाउँ शिक्षा समितिः**

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको नगरशिक्षा समिति रहनेछ ।

(क) गाउँपालिकाको अध्यक्ष -अध्यक्ष

(ख) गाउँपालिकाले तोकेको शिक्षा हेर्ने विषयगत समितिको संयोजक -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) गाउँपालिकाले तोकेको गाउँसभाका सदस्यहरू मध्ये बाट कम्तिमा एकजना महिला पर्ने गरी दुई जना -सदस्य

(ङ) विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट सामुदायिक र संस्थागत विद्यालयवाट एक/एक जना पर्ने गरी गाउँ शिक्षा समितिले मनोनित गरेको दुई जना -सदस्य

(च) समाजसेवी वा शिक्षाविदहरूमध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेका कम्तीमा एकजना दलित तथा अल्पसंख्यक सहित दुईजना -सदस्य

(छ) शिक्षण पेशामा उच्च योगदान पुऱ्याएका सामुदायिक र संस्थागत विद्यालयका शिक्षकहरू मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको सामुदायिक र संस्थागत विद्यालयवाट एक/एक जना पर्ने गरी दुई जना -सदस्य

(ज) गाउँस्तरका नेपाल शिक्षक महासंघका प्रतिनिधी -सदस्य

(झ) गाउँपालिकाका शिक्षा अधिकृत -सदस्य सचिव

(२) समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यको कार्यकाल ३ वर्षको हुनेछ ।

(३) उपदफा (१) अन्तर्गत मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा जुनसुकै समयमा पनि हटाउन वा वर्खास्त गर्न सकिनेछ । तर त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि मनासिब माफिकको स्पष्टिकरणको मौकावाट बञ्चित गरिने छैन ।

(४) समितिले विषय विषेशज्ञ र कुनै कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सकिने छ ।

**१५. गाउँ शिक्षा समितिको वैठक**

गाउँ शिक्षा समितिको बैठक संचालन सम्वन्धि कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**१६.गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार :**

(१) गाउँ शिक्षा समितिको काम,कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(क) आफ्नो कार्य क्षेत्रभित्रको शैक्षिक योजना तयार गर्ने,

(ख) गाउँपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति गर्ने, विद्यालय सार्ने, गाभ्ने कार्यका लागि गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने,

(ग) विद्यालयको लागि आवश्यक साधन श्रोत जुटाउने र परिचालन गर्ने, गराउने,

(घ) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भय रहित बनाउन सहयोग गर्ने,

(ङ) विद्यालयवाट सिफारिस भई आएका तीन जना सूचीकृत लेखा परक्षिकहरु मध्येवाट लेखा परीक्षकको नियुक्ति गर्ने ।

(च) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरूक र सजग वनाउने

(छ) शिक्षाको गुणस्तर कायम राख्ने सूचक विकास गर्ने र प्रगति मूल्याङ्कन गर्ने,

(ज) विद्यालयहरूको सामाजिक परीक्षण गर्ने गराउने,

(झ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने,

(ञ) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने/गराउने,

(ट) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरू निर्धारण गर्ने,

(ठ) शैक्षिक संस्थासँग आबद्ध शिक्षक कर्मचारीहरूलाई आवश्यक प्रोत्साहन, दण्ड, सजायसम्बन्धी कार्य गर्ने गराउने,

(ड) अस्थायी करार शिक्षकहरूको छनौटको लागि विशेषज्ञहरूको छनौट गरेर सूची प्रकाशन गर्ने,

(ढ) गाउँपालिकाभित्र स्थापना भएका पुस्तकालय, वाचनालय र सिकाइ केन्द्रको संवर्धन, संरक्षण तथा अनुमति प्रदान गर्ने,

(ण) गाउँपालिका क्षेत्रभित्र अनुमति प्राप्त गरी संचालन भएका शैक्षिक परामर्श केन्द्र, विभिन्न प्रकारका कोचिङ सेन्टर आदिको अनुगमन तथा निरीक्षण,नियमन गर्ने । अनुमति माग भएमा तोकिएको पूर्वाधार पुगेका संस्थाहरूलाई अनुमति प्रदान गर्ने,

(त) तोकिए वमोजिमका अन्य कार्यहरू गर्ने ।

## परिच्छेद-५

## विद्यालय व्यवस्थापन समिति,शिक्षक अभिभावक संघ तथा शिक्षक छनौट समिति सम्वन्धि व्यवस्था

**१७.विद्यालय व्यवस्थापन समिति:**

(१) सामुदायिक विद्यालयको सञ्चालन, व्यवस्थापन र रेखदेख गर्नका लागि प्रत्येक विद्यालयमा देहाय बमोजिमका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ

(क) अभिभावकले आफूहरू मध्येबाट छानी पठाएका दुईजना महिलासहित चारजना-सदस्य

(ख) विद्यालय रहेको गाउँपालिकाको सम्बन्धित वडाको वडाध्यक्ष वा वडा समितिका सदस्यहरू मध्येबाट सो वडा समितिले मनोनयन गरेको सदस्य -सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनयन गरेको एकजना महिला सहित २ जना -सदस्य

(घ) विद्यालयका शिक्षकहरूले आफू मध्येबाट छनौट गरी पठाएको १ जना शिक्षक-सदस्य

(ङ) विद्यालयका प्रधानाध्यापक -सदस्य सचिव

(२) प्राबिधिक तथा व्यवसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा गाउँपालिका क्षेत्रभित्रका सम्बन्धित विषय तथा व्यवसायसाग आबद्धहरू मध्ये गाउँ शिक्षा समितिले मनोनित गरेका एक जना सदस्य रहनेछन् ।

(३) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क), (ख) वा (ग) बमोजिमका सदस्यहरु मध्येबाट छानेका सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(४) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यहरु मध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(५) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयका व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरू अपाङ्गता भएका व्यक्तिको अभिभावकहरू सदस्य रहनेछन् ।

(६) व्यवस्थापन समितिको म्याद सकिनुभन्दा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन गरी बहालवाला व्यवस्थापन समितिले पदभार हस्तान्तरण गर्नु पर्नेछ ।

(७) व्यवस्थापन समिति गठन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(८) संस्थागत विद्यालयको सञ्चालन, व्यवस्थापन र रेखदेख गर्नका लागि प्रत्येक विद्यालयमा देहाय बमोजिमका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट सम्वन्धित विद्यालयको सिफारिसमा गाउँ शिक्षा समितिबाट मनोनित भएका व्यत्ति -अध्यक्ष

(ख) अभिभावकहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको १ जना महिला सहित २ जना -सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरू मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना -सदस्य

(घ) सम्बन्धित विद्यालयका शिक्षकहरू मध्येबाट छानी पठाएका १ जना शिक्षक -सदस्य

(ङ) विद्यालय रहेको सम्बन्धित वडाका जनप्रतिनिधिहरू मध्येवाट वडा समितिको सिफारिसमा गाउँ शिक्षा समितिले मनोनयन गरेको एकजना -सदस्य

(च) सम्बन्धित क्षेत्रको स्रोतव्यक्ति -सदस्य

(छ) विद्यालयका प्रधानाध्यापक -सदस्य सचिव

(९) उपदफा (१), (२) र (३) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि ३ वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण पालना नगरेको देखिएमा गाउँ शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाई पेस गर्ने मौकाबाट बञ्चित गरिनेछैन ।

**१८. <u>विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :</u>**

(१) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गर्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँपालिकालाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण विगार्न नदिने,

(च) विद्यालय व्यवस्थापन समितिको सचिवालय व्यवस्थित गर्ने,

(छ) शिक्षक सेवा आयोगले लिएको परीक्षामा सफल भई सिफारिस भएको शिक्षकलाई विद्यालयमा हाजिरी गराउने,

(ज) गाउँपालिकाबाट स्वीकृत दरबन्दीका कर्मचारीको व्यवस्थापन गर्ने,

(झ) शिक्षक सेवा आयोगको करार सूचीमा रहेका उम्मेदवारलाई योग्यताक्रमको आधारमा करार नियुक्ति दिई काममा लगाउने,

(ञ) शिक्षक सेवा आयोगको करार सूचीमा रहेका उम्मेदवार नआएमा शिक्षक छनौट परीक्षाबाट प्रकाशित करार सूचीको योग्यताक्रमको आधारमा करार नियुक्ति दिई काममा लगाउने,

(ट) रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको बार्षिक लेखापरीक्षण गराउने,

(ठ) लेखापरीक्षकको प्रतिवेदनअनुसार तत्काल आवश्यक कार्यवाही गर्ने र त्यसको प्रतिवेदन गाउँ शिक्षा समितिमा पेस गर्ने,

(ड) तोकिएबमोजिमका क्षेत्रसँग सम्बन्धित गाउँपालिका र गाउँ शिक्षा समितिले दिएका निर्देशनहरूको पालना गर्ने,

(ढ) विद्यालयको आन्तरिक स्रोतवाट खर्च ब्यहोर्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षकका लागि सेवा, सर्त र सुविधा तोक्ने र तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाहरूको व्यवस्था गर्ने,

(ण) शिक्षक तथा कर्मचारीहरूलाई तोकिए बमोजिमका कार्यवाही गर्ने,

(२) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालय सञ्चालनका लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले तोकेबमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रुपमा लागू गर्ने,

(च) प्रचलित कानुन बमोजिम शिक्षक पदका लागि उम्मेदवार हुने योग्यता पुगेका व्यक्तिलाई शिक्षक छनौट समितिको अनुमति लिई शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) गाउँपालिकाले तोकेबमोजिमको न्यूनतम तलबस्केलमा नघटाई शिक्षकलाई तलब खुवाउने,

(ज) अनुशासनहीन शिक्षक तथा कर्मचारीहरूलाई कारवाही गर्ने,

(झ) शिक्षा ऐन, नियमावली तथा अन्य कानुनमा उल्लेखित व्यवस्थाका अतिरिक्त गाउँपालिकाबाट जारी शिक्षासँग सम्बन्धित सबै ऐन, नीति नियम, कार्यविधि, निर्देशिका र निर्देशनहरूको पालन गर्ने गराउने,

(ञ) विद्यालय व्यवस्थापन समितिले आवधिक रुपमा आफ्नो शैक्षिक, आर्थिक लगायत अतिरिक्त क्रियाकलापसमेतको प्रतिवेदन गाउँ शिक्षा समितिमा पेस गर्नुपर्नेछ ।

(ट) विद्यालयले सङ्कलन गर्ने सवै प्रकारका शिक्षण शुल्क, कर्मचारी तथा शिक्षकहरुलाई उपलब्ध गराउने प्रारिश्रमिक, विद्यार्थीहरुलाई उपलब्ध गराउने छात्रवृत्ति लगायतका विषयमा गाउँ शिक्षा समितिले आवश्यक निर्देशन दिन सक्नेछ ।

(ठ) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) विद्यालय व्यवस्थापन समितिका अन्य काम, कर्तव्य अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## १९. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने:

(१) कुनै व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेको भनी गाउँ शिक्षा समितिले कारणसहित गाउँपालिका कार्यालयमा सिफारिस गरेमा सोको कारण खुलाई गाउँपालिकाले तोकिएको प्रक्रिया पुरा गराई विद्यालय व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछ । तर यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेस गर्ने मनासिब मौका दिइने छ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न गाउँपालिकाले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

## २०. शिक्षक अभिभावक संघ :

प्रत्येक विद्यालयमा शिक्षक र अभिभावकहरु सदस्य रहेको एक शिक्षक अभिभावक संघ रहने छ । शिक्षक अभिभावक संघ गठन सम्वन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## २१. विद्यालय सञ्चालन कार्यविधि :

(१) यो ऐन वा प्रचलित कानुनको अधीनमा रही प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य, मान्यता, सञ्चालन प्रक्रिया, बालबालिकाहरुको चौतर्फी विकासमा टेवा पुग्ने गरी अतिरिक्त कृयाकलापहरुको विवरण लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेस गरिएको कार्यविधि अभिभावक भेलाबाट पारित गराइ लागू गर्नु पर्नेछ ।

(२) अभिभावक भेलाले आवश्यकता अनुसार कार्यविधि संशोधन गर्न सक्नेछ ।

(३) कार्यविधि अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ ।

## २२. शिक्षक छनौट समिति सम्वन्धि व्यवस्था :

(१) गाउँ शिक्षा समितिले गाउँपालिका क्षेत्र भित्र रहेका विद्याालयहरुलाई स्वीकृत दरबन्दी वा अनुदानकोटा (राहतकोटा) र बालविकास केन्द्रमा शिक्षक/सहयोगी कार्यकर्ता राख्नु पर्ने भएमा देहाय बमोजिमको समिति गठन गरी समितिले परीक्षा संचालन गरी योग्यताक्रम अनुसार करार सूची प्रकाशन गर्नेछ ।

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य - संयोजक

(ख) आवश्यकतानुसार गाउँपालिकाले तयार गरेको विज्ञ सुचीबाट बढीमा १ जना-सदस्य

(ग) माध्यमिक तहको शिक्षक छनौट गर्नु पर्ने भएमा शिक्षाशास्त्र विषयमा कम्तिमा स्नातोत्तर र अन्य तहको शिक्षक छनौट गर्नु पर्ने भए शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातक तह उतीर्ण गरेका व्यक्तिहरु मध्ये बाट उपलब्ध भए सम्म एक जना महिला समेत प्रतिनिधित्व हुनेगरी वि.व्य.स. को सिफारिशमा गाउँ शिक्षा समितिले मनोनित गरेको २ जना - सदस्य

(घ) सम्बन्धित विद्यालयका प्रधानाध्यापक -सदस्य सचिव

२) शिक्षक छनौट समितिले अवलम्वन गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -६
## शिक्षाको प्रकार, माध्यम, पाठ्यक्रम र परीक्षा सञ्चालन सम्वन्धी व्यवस्था

**२३. शिक्षाको प्रकार :** विद्यालय शिक्षाको प्रकार देहाय बमोजिम हुनेछ ।

(क) आधारभुत शिक्षा

(१) साधारण शिक्षा

(२) पराम्परागत धार्मिक शिक्षा

(ख) माध्यमिक शिक्षा :

(१) साधारण शिक्षा

(२) परम्परागत धार्मिक शिक्षा

(३) प्राविधिक तथा व्यवसायिक शिक्षा

**२४. शिक्षाको माध्यमः-**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ :-

(क) प्राथमिक शिक्षा मातृभाषामा दिन सकिनेछ,

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा तोकिएका अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ,

(ग) भाषा विषयमा अध्ययन गराउदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ,

(घ) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउदा माध्यम अंग्रेजी भाषामा नै गराउनु पर्नेछ ।

**२५.विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः**

(१) विद्यालयले संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट स्विकृत पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य सन्दर्भ सामाग्री लागु गर्नु पर्नेछ ।

(२) पाठ्यपुस्तक र पाठ्य सामाग्री सम्वन्धि अन्य व्यवस्था सघीय कानुन, प्रदेश कानुनमा व्यवस्था भए बमोजिम वा तोकिए बमोजिम हुनेछ ।

**२६..परीक्षा सञ्चालन :**

(१) माध्यमिक शिक्षाको कक्षा १० र माध्यमिक तहको अन्त्यमा हुने परिक्षा संघीय शिक्षा कानुन बमोजिम हुनेछ ।

(२) आधारभूत तहको अन्तिम परीक्षा (कक्षा ८) गाउँपालिकाले संचालन गर्नेछ ।

(३) गाउँपालिका क्षेत्र भित्रका विद्यालयहरूको परीक्षा सञ्चालन तथा समन्वयको लागि देहायको एक परीक्षा समन्वय तथा व्यवस्थापन समिति रहनेछ ।

(क) गाउँ शिक्षा समितिको अध्यक्ष -अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) प्रमुख, सम्वन्धित स्थानीय तहमा रहेको प्रहरी कार्यालय -सदस्य

(घ) राष्ट्रिय परीक्षा वोर्डको स्थानीय प्रतिनिधि -सदस्य

(ङ) शिक्षा अधिकृत -सदस्य सचिव

(४) परिक्षा समन्वय तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(५) आधारभुत तह उत्तिर्ण परिक्षा संचालन तथा व्यवस्थापन र नतिजा विश्लेषण समेतका कार्य गर्न देहाय बमोजिम आधारभ्त तह उत्तिर्ण परिक्षा व्यवस्थापन समिति रहनेछ ।

(क) प्रमुख प्रशासकिय अधिकृत -अध्यक्ष

(ख) शिक्षा अधिकृत -सदस्य

(ग) गाउँपालिका क्षेत्र भित्रका आधारभुत र माध्यमिक तहका सामुदायिक विद्यालयका

शिक्षकहरुको प्रतिनिधित्व हुने गरि एकजना महिला सहित परिक्षा समितिले मनोनित गरेका दूई जना -सदस्य

(घ) गाउँपालिका क्षेत्र भित्रका संस्थागत विद्यालयका शिक्षकबाट परिक्षा समितिले मनोनित गरेको एक जना -सदस्य

(ङ) सम्वन्धित श्रोत केन्द्रका श्रोत व्यक्ति -सदस्य सचिव

(६) समितिबाट मनोनित गरिएका सदस्यको पदावधि २ वर्षको हुनेछ ।

(७) परिक्षा समितिले आवश्यकता अनुसार विषय विशेषज्ञ तथा कर्मचारीहरुलाई वैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) परिक्षा समितिको बैठक सम्वन्धि कार्यविधि समिति आफैंले तोके बमोजिम हुनेछ ।

(९) परिक्षा समितिको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(१०) उपदफा १ र २ वाहेकका कक्षाहरूको परीक्षा सञ्चालन गर्ने जिम्मेवारी गाउँपालिकास्तरिय परिक्षा व्यवस्थापन तथा समन्वय समितिले निर्धारण गरेको मापदण्ड वमोजिम विद्यालय व्यवस्थापन समितिको निर्देशनमा प्रधानाध्यापकको हुनेछ ।

## परिच्छेद -७
## दरवन्दी मिलान, शैक्षिक योग्यता, नियुक्ति र सरुवा सम्वन्धी व्यवस्था

२७. **दरवन्दी मिलानः**-तोकिएको मापदण्डको आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा तोकिएको अधिकारीले तोकिएको प्रकृया पूरा गरी दरबन्दी मिलान गर्न सक्नेछन् ।

२८. **शैक्षिक योग्यता :** विद्यालयको शिक्षक, कर्मचारी एवम् वालविकास केन्द्रको सहयोगी कार्यकर्ताका लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

२९. **शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने :** गाउँपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी सङ्ख्या र विषयका आधारमा तोकिएबमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

३०. **शिक्षकलाई अन्य काममा लगाउन नहुने :**

(१) सामुदायिक विद्यालयलको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालयको प्रशासनिक काममा बाहेक अन्य काममा लगाउन हुादैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी नेपाल सरकार वा गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

३१. **अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने :**

(१) दफा ३६ उपदफा (२) मा उल्लेख भएका कुनै आरोप वा केही आरोपमा सजाय भै नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षक वा कर्मचारीले नोकरीबाट हटेको दिनदेखि पुनःबहाली भएको मितिसम्मको पुरा तलब ,भत्ता र तलब बृद्धि पाउने भए सो समेत पाउनेछ ।

३२. **शिक्षकको नियुक्ति, बढुवा र सरुवा :**

(१) विद्यालयमा रिक्त अस्थायी, करार, अनुदानकोटा (राहत) र बाल विकास केन्द्रका सहयोगी कार्यकर्ताको नियुक्तिको व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) वाल विकास सहयोगी कार्यकर्ताको योग्यता र सेवा सर्त सुविधा तोकिए बमोजिम हुनेछ ।

(३) गाउँपालिकाभित्र सरुवाका लागि निवेदन दिने स्थायी, अस्थायी, करार, अनुदानकोटा (राहत) मा कार्यरत शिक्षकले सरुवा भएर जाने र आउने दुबै विद्यालयका व्यवस्थापन समितिको सहमति लिएमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी गाउँ शिक्षा समितिले तोकिएबमोजिमको प्रक्रिया अपनाई रिक्त दरबन्दीमा सरुवा गर्न वा काज खटाउन सक्नेछ ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एउटै विद्यालयमा निरन्तर पााच बर्षसम्म सेवा गरेका शिक्षकहरूलाई गाउँ शिक्षा समितिले विद्यालय व्यवस्थापन समितिको सहमति नलिई गाउँपालिकाभित्रका एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गर्न सक्नेछ ।

(५) शिक्षक सेवा आयोगबाट सफल भई सिफारिस भएका शिक्षकलाई विषय मिल्ने गरी स्थायी नियुक्ति दिई काममा लगाउनु पर्नेछ ।

(६) दरबन्दीमा करार शिक्षक नियुक्ति गर्दा शिक्षा सेवा आयोगको करार सूचीलाई पहिलो प्राथमिकता दिइनेछ । शिक्षक सेवा आयोगबाट प्रकाशित करार सूचीमा सिफारिस उम्मेदवार उपलब्ध नभएमा गाउँ शिक्षा समितिले गठन गरेको शिक्षक छनौट समितिले परिक्षा लिई प्रकाशित गरेको करार सूचीमा सिफारिस उम्मेदवारलाई गाउँपालिका भित्र रिक्त रहेको दरबन्दी/राहत कोटामा योग्यताक्रम अनुसार करार नियुक्ति दिई सम्बन्धित विद्यालयमा काममा लगाउन सक्नेछ ।

(७) शिक्षकको बढुवा प्रयोजनका लागि तोकिएबमोजिमको पद निर्धारण गरिनेछ ।

**३३. <u>तलबभत्ता नपाउने र सेवा अवधि गणना नहुने :</u>**

दफा (३०) मा उल्लेखित अवस्थामा वा नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलब भत्ता पाउने छैनन् र सो अवधि सेवामा गणनासमेत हुनेछैन ।

**३४. <u>प्रधानाध्यापक तथा कर्मचारी सम्वन्धी व्यवस्थाः</u>**

(१) प्रत्येक सामुदायिक विद्यालयमा तोकिए बमोजिम प्रधानाध्यापकको दरबन्दी रहनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रधानाध्यापक तथा कर्मचारी नियुक्ति, सेवासर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**३५. <u>स्थायी आवासीय अनुमति लिन नहुनेः</u>** सामुदायिक विद्यालयलमा कार्यरत कुनै शिक्षक वा कर्मचारीले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिएका शिक्षक वा कर्मचारीलाई दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ ।

**३६.<u>शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था :</u>**

(१) सामुदायिक विद्यालयलका शिक्षकहरूको पेसागत हकहितका सम्बन्धमा कार्य गर्न तोकिए बमोजिमको एक शिक्षक महासंघ रहनेछ ।

(२) देहायको अवस्थामा शिक्षक तथा कर्मचारीलाई विद्यालय व्यवस्थापन समितिले पदबाट हटाउन गाउँ शिक्षा समितिमा सिफारिस गर्न सक्नेछ । सो उपर गाउँ शिक्षा समितिले छानविन गर्दा आधार तथ्यपुर्ण देखिएमा गाउँ शिक्षा समितिको सिफारिशका आधारमा गाउँ कार्यपालिकाले सेवाबाट बर्खास्त गर्न सक्नेछ । तर कार्यरत पदबाट हटाउनु अघि मनासिव माफिकको स्पष्टीकरणको मौका प्रदान गरिने छ ।

(क) तोकिएबमोजिम पदीय दायित्व पुरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित भएमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयलका शिक्षकहरू वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा

अन्य व्यवसायिक क्रियाकलाप गरेमा ,

(च) शिक्षक वा कर्मचारी राजनैतिक दलको कार्यकारिणी समितिमा रहेको पाइएमा,

(छ) शिक्षक वा कर्मचारीले व्यवसायिक हकहितका नाममा सूक्ष्म रुपमा अमूक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने संगठनका गतिविधिमा कार्यालयको समयमा संलग्न भएमा ।
(स्पष्टीकरण : यस खण्डको प्रयोजनका लागि कार्यकारिणी समिति भन्नाले राजनैतिक दलको विधान बमोजिम गठित केन्द्रीयस्तर, प्रदेशस्तर, जिल्लास्तर वा स्थानीयस्तरका कार्यकारिणी समिति सम्झनु पर्दछ ।)

## परिच्छेद -८

## कोष, अनुदान, शुल्क तथा छात्रवृत्ति, विद्यालय सम्पत्ति, विद्यालयलाइ छुट र सुविधा सम्वन्धी व्यवस्था

**३७. गाउँ शिक्षा विकास कोष** :

(१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुर्‍याउन तथा त्यस्ता विद्यायलयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न गाउपालिकामा एउटा गाउँ शिक्षा विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन् :

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) संस्थागत विद्यालयबाट प्राप्त विद्यालयको वार्षिक कुल आम्दानीमध्ये तोकिए बमोजिमको रकम,

(ङ) चन्दाबाट प्राप्त रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

**३८. कोष सञ्चालक समिति** :

(१) कोष सञ्चालक समिति तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको सञ्चालक समितिको काम, कर्तव्य, अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**३९. विद्यालय कोषः**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिल हुनेछ :

(क) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(ख) गाउँपालिकाको शिक्षा कोषबाट प्राप्त अनुदान,

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(ङ) अन्यस्रोतबाट प्राप्त रकम,

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक परीक्षण तोकिए बमोजिम हुनेछ ।

**४०. अनुदानको व्यवस्था** :

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिंदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको शीर्षक स्रोत र सूत्रको आधारमा गाउँपालिकाले समुदायिक विद्यालयलाई अनुदान दिनेछ तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(२) समुदायिक विद्यालयलाई तोकिएबमोजिम अनुदान उपलब्ध गराउनेछ ।

**४१. प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदान दिन सक्ने:** गाउँपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान रकम दिन सक्नेछ ।

**४२. शुल्क सम्वन्धी व्यवस्था:**

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीहरूबाट कुनै पनि किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ ।

(३) सबै बाल बालिकाहरूलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नका लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेक अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीहरूलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नका लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले आफ्नो भौतिक संरचना निर्माण गर्नका लागि विद्यार्थीहरुसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क गाउँपालिकाबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिंदा गाउँपालिकाले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा गाउँपालिकाले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउन सक्नेछ ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई गाउँपालिकाले पच्चीस हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

**४३. छात्रवृत्तिको व्यवस्था गर्न सक्ने :** गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीहरूलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ । कक्षा पाँच सम्मका विद्यार्थीहरुलाई तोकिए बमोजिम अनिवार्य खाजाको व्यवस्था गरिनेछ ।

**४४.. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :**

(१) संस्थागत विद्यालयहरूले भर्ना भएका कुल विद्यार्थी सङ्ख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्ग, महिला, दलित वा जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्न विद्यालयले एउटा विद्यार्थी छनौट समिति गठन गर्नेछ । प्रत्येक विद्यालयले आफूले उपलब्ध गराएको आधार सहितको छात्रवृत्तिको विवरण गाउँ शिक्षा समितिमा पेस गर्नुपर्नेछ ।

**४५ विद्यालयको सम्पत्ति :**

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्ध गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले सार्वजनिक प्रयोजनका लागि प्रयोगमा ल्याउन सक्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दानदातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघसंस्थावाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(५) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको स्वीकृतिबेगर बेचविखन गर्न पाइने छैन ।

**४६ विद्यालयलाई छुट र सुविधाः**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएको वाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकेबमोजिमको आधारमा रजिष्ट्रेशन दस्तुर लाग्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा संघीय कानुन र प्रदेश कानुनमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-९

## विविध

**४७.विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्नेः**

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने सर्त तथा मापदण्ड तोकिएबमोजिम हुनेछन् ।

**४८. बालबालिकाहरूलाई निष्कासन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने :**

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्कासन गर्न पाइनेछैन । तर बाल बिज्याइ गरेको अवस्थामा बालकलाई आवश्यक कारवाहीका लागि सिफारिस गरी पठाउन बाधा पुगेको मनिनेछैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइनेछैन ।

**४९. प्रगति विवरण बुझाउनु पर्नेः** संस्थागत विद्यालयले प्रत्येक बर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाउँ शिक्षा समिति समक्ष बुझाउनु पर्नेछ ।

**५०. दण्ड सजायः**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असुल गरी बिगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानुनले तोकेबमोजिम सजाय हुनेछ :-

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बिना प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

(च) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(छ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श, ब्रिजकोर्ष, कोचिङ्ग कक्षा, ट्यूसन सेन्टर, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

(ज) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(झ) कानुन विपरितका अन्य कार्य गरेमा ।

(३) कानुनबमोजिमको कसुरको सम्वन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको अन्तिम फैसला नभएसम्म निलम्बित हुनेछन् । सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐनबमोजिम विभागीय सजाय गरिनेछ ।

**५१. पुनरावेदन :** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानुन बमोजिम पुनरावेदन लाग्नेछ ।

**५२. अध्यापन अनुमतिपत्रः-** विद्यालयमा नियुक्त हुन तोकिए वमोजिमको अध्यापन अनुमतिपत्र लिएका व्यक्ति मात्र शिक्षक पदमा उम्मेदवार हुन योग्य हुनेछन् ।

**५३. गाउँपालिकाले निर्देशन दिन सक्नेः**

(१) गाउँपालिकाले आवशयकता अनुसार विद्यालय व्यवस्थापन समिति र विद्यालयलाइ निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको दिइएको निर्देशन पालन गर्नु विद्यालय व्यवस्थापन समिति र विद्यालयको कर्तव्य हुनेछ ।

**५४. नियम बनाउने अधिकार :**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले शिक्षा नियमावली, निर्देशिका र कार्यविधि बनाउन सक्नेछ ।

**५५. बचाउ :**

(१) यस ऐनको कुनै दफा तथा उप दफा संघीय शिक्षा ऐन र प्रादेशिक शिक्षा ऐन संग बाझिएमा बाझिएको हदसम्म स्वतं निस्कृय भएको मानिनेछ ।

(२) गाउपालिका क्षेत्र भित्र यस ऐनमा लेखिएका कुराहरु सोहि बमोजिम र नलेखिएका कुरामा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

(३) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन अर्न्तगत कारवाही चलाउन बाधा पर्ने छैन ।

आज्ञाले

कृष्ण बहादुर कार्की

प्रमुख प्रशासकिय अधिकृत